# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष ७, ललितपुर, कार्तिक १ गते, २०८० साल, अतिरिक्ताङ्क १

## नेपाल भाषा सहजकर्ता/सह शिक्षक छनौंट सम्बन्धी

## कार्यविधि, २०८०

नेपालको संविधान २०७२ ले स्थानीय तहको अधिकारको सूचिमा आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई समावेश गरेको सन्दर्भमा महानगर क्षेत्र भित्र अत्याधिक मात्रामा बोलिने नेपाल भाषाको संरक्षण सम्बर्द्धन गर्दै प्राथमिक तहमा नेपाल भाषाको शिक्षालाई सुलभ र गुणस्तरीय बनाई सर्वसाधारणलाई नेपाल भाषाको ज्ञान गराउने उद्देश्यले

सामुदायिक स्कूलहरुमा नेपाल भाषा सञ्चालन गर्ने नगरसभाको निर्णय बमोजिम नेपाल भाषाको शिक्षक राख्नु पर्ने भएको हुँदा ललितपुर महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगरकार्यपालिकाले नेपाल भाषा सहजकर्ता/सहशिक्षक छनौट कार्यविधि, २०८० जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम “नेपाल भाषा सहजकर्ता/सहशिक्षक छनौंट सम्बन्धी कार्यविधि, २०८०” रहेको छ।

(ख) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क) “महानगरपालिका”**भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्नेछ।

**(ख)“कार्यालय”** भन्नाले ललितपुर महानगरपालिकाको नगरकार्यपालिकाको कार्यालयलाई जनाउँदछ।

**(ग) “महाशाखा”** भन्नाले ललितपुर महानगरपालिकाको शिक्षा महाशाखालाई सम्झनु पर्नेछ,

**(घ) “महाशाखा प्रमुख”** भन्नाले शिक्षा महाशाखा प्रमुख सम्झनु पर्नेछ।

**(ङ) “शिक्षा अधिकृत”** भन्नाले शिक्षा महाशाखामा कार्यरत अधिकृत स्तरको कर्मचारी सम्झनु पर्नेछ।

(च) **"विद्यालय"** भन्नाले ललितपुर महानगरपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्नेछ ।

(छ) **"प्रधानाध्यापक (प्र.अ.)"** भन्नाले सामुदायिक विद्यालयको सञ्चालनमा प्रधानाध्यापक तोकिएको शिक्षकलाई सम्झनु पर्नेछ ।

(ज) **"शिक्षक"** भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने आधारभूत (प्राथमिक तह, निम्न माध्यमिक तह) र माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकलाई सम्झनु पर्नेछ ।

(झ) **"सहजकर्ता"** भन्नाले ललितपुर महानगर भित्रका सामुदायिक विद्यालयमा स्थानीय विषय (नेपाल भाषा) पढाउन नियूक्त भएको शिक्षकलाई सम्झनु पर्नेछ ।

(ञ) **"समिति" भन्नाले भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।**

**३. सहजकर्ताको दरबन्दी कायम सम्बन्धमा :**

(क) ललितपुर महानगरपालिका भित्र सञ्चालनमा रहेका ४० वटा सामुदायिक विद्यालयहरूमा एक/एक जना सहजकर्ताको दरवन्दी कायम हुने ।

(ख) सहजकर्ताको सेवा सुविधा आधारभूत तह (प्राथमिक शिक्षक, तृतीय श्रेणी करार) शिक्षकको न्यूनतम तलव सुविधा उपलब्ध गराइनेछ ।

**(४) सहजकर्ता/सह शिक्षक छनौंट समिति सम्बन्धी व्यवस्था**

देहाय बमोजिमको पदाधिकारी सदस्य रहेको छनौंट समिति रहनेछ ।

संयोजक : शिक्षा महाशाखा प्रमुख

सदस्य : सामान्य प्रशासन महाशाखा प्रमुख

विज्ञ सदस्य : २ जना (नगर शिक्षा समितिले मनोनयन गरेको)

सदस्य सचिव : शिक्षा अधिकृत (शिक्षा महाशाखाले तोकेको)

समितिले आवश्यकता अनुसार थप विषय विज्ञ आमन्त्रित गर्न सक्नेछ ।

**५) समितिको काम, कर्तव्य र अधिकार :**

**लिखित परीक्षा सम्बन्धमा :**

१) छनौट सम्बन्धी १५ दिने सूचना जारी गर्ने,

२) लिखित परिक्षा संचालन गर्न र सोको लागि प्रश्न पत्र तयार गर्ने,

३) प्रश्न पत्र, परिक्षा केन्द्र निर्धारण गर्ने, परिक्षा संचालन, उत्तरपुस्तिका परिक्षण, नतिजा प्रकाशन गर्दा कम्तिमा ४० अंक प्राप्त गर्नेलाई मात्र सफल उम्मेद्धवारको छनौट गर्ने ।

(४) परीक्षाबाट छनौंट भएका सहजकर्ता /सहशिक्षकलाई छनौंट समितिले शिक्षा महाशाखामा सिफारिस गरि पठाउनेछ ।

## सहजकर्ता/सह शिक्षक छनौट र योग्यता सम्बन्धी व्यवस्था

६. **छनौट सम्बन्धी प्रक्रिया** : सहजकर्ता/सह शिक्षकको छनौट सम्बन्धी प्रक्रिया देहाय बमोजिम हुनेछ :

क) सहजकर्ता/सह शिक्षक छनौट समितिले सहजकर्ता/सह शिक्षक छनौटको लागि प्रयोगात्मक र मौखिक परीक्षा संचालन गर्नु पर्नेछ ।

ख) सहजकर्ता/सह शिक्षक छनौट समितिले परीक्षाको लागि दरखास्त बुझाउनु पर्ने समयावधि, दरखास्त दस्तुर, दरखास्त बुझाउने स्थान, संलग्न गर्नु पर्ने कागजात, आवश्यक पर्ने योग्यता, परीक्षा संचालन हुने मिति, समय र स्थान समेत उल्लेख गरिएको १५ दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्ने छ ।

ग) सहजकर्ता/सह शिक्षक छनौट हुन चाहने उम्मेदवारले तोकिएको स्थानमा आवेदन पेश गर्नु पर्ने छ ।

घ) आवेदन दस्तुर रु. १०००/- लाग्ने छ ।

**७) भाषा सहजकर्ता/सह शिक्षकको योग्यता** :

१) नेपाल भाषा शिक्षण कार्यक्रमका लागि सहजकर्ता/सह शिक्षकको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

क) नेपाली नागरिक

ख) १८ वर्ष उमेर पुरा भएको,

ग) मानसिक अवस्था ठिक भएको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

ङ) कम्तिमा कक्षा १२ वा सो सरह उतीर्ण भएको,

च) नेपाल भाषा संरक्षण र सम्बर्द्धन गर्ने दर्ता वाला संस्थाले नेपाल भाषा बोल्न, लेख्न र प्रशिक्षण गर्न योग्य छ भनि दिएको सिफारिस पत्र,

छ) नेपाल भाषा विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका महानगरवासीलाई ग्राहयता दिइनेछ ।

८. **आचारसंहिता सम्बन्धी व्यवस्था** : सहजकर्ता/सह शिक्षकले देहाय बमोजिम आचार संहिता पालना गर्नु पर्नेछ :

क) शिक्षा महाशाखाले खटाएको विद्यालयमा निर्धारित समयमा उपस्थित भई तोकिए बमोजिम शिक्षण गर्नु पर्ने,

ख) कुनै राजनैतिक, साम्प्रदायिक तथा धर्म विरोधी भावना फैलाउने गरी कार्य गर्न गराउन नहुने,

ग) राष्ट्रियता, भाषा र संस्कृतिको सम्मान गर्नु पर्ने,

घ) सबैसँग शिष्ट र मर्यादित व्यवहार गर्नु पर्ने,

ङ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा सहभागी हुनु पर्ने,

च) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,

छ) राजनैतिक वा अवान्छित प्रभाव पार्न नहुने,

ज) संघ, प्रदेश र स्थानीय सरकारको आलोचना गर्न नहुने,

झ) प्रदर्शन, थुनछेक, घेराउ, बन्द, हड्ताल गर्न नहुने,

ञ) ढाँटछल गर्न नहुने, कसैलाई झुक्यानमा पार्न नहुने,

ट) जानीजानी विद्यालयलाई कुनै प्रकारको हानी नोक्सानी हुने काम गर्न नहुने,

ठ) आफ्नो सेवा र जिम्मेवारी अनुसारको आचरण पालना गर्नु पर्ने,

ड) आवश्यकता परेमा एक भन्दा बढी विद्यालयमा गई शिक्षण गर्नु पर्ने,

ढ) तोकिए बमोजिमका अन्य काम गर्नु गराउनु पर्ने ।

९. **नियुक्ति र तत्काल हाजिर हुन जानु पर्नेः** सह शिक्षकमा नियुक्ति लिएका व्यक्तिले खटाइएको विद्यालयमा ३ (तीन) दिन भित्र हाजिर हुन जानु पर्नेछ । तीन दिन भित्र हाजिर हुन नजाने सहजकर्ताको सट्टामा वैकल्पिक सूचीमा रहेका प्रथमिकताक्रम अनुसार नियुक्ति गरि पठाइनेछ ।

१०.**सरूवा गर्न सकिने :** शिक्षा महाशाखाले विद्यालयका सहजकर्ता एक विद्यालयबाट अर्को विद्यालयमा सहजकर्ता पदमा सरुवा गर्न सकिने छ ।

**११) सेवा करार सम्बन्धी व्यवस्था :**

१) सहजकर्ता/सह शिक्षकसँग कम्तिमा एक वर्षको सेवा करार सम्झौता गरिनेछ । निजहरुले सम्पादन गरेकोमा सन्तोषजनक भएमा महाशाखाको सिफारिसमा प्रत्येक वर्ष करार सम्झौताको नविकरण गरी सेवालाई निरन्तरता दिन सकिनेछ । सहजकर्ता/सह शिक्षकको काम सन्तोषजनक नभएमा सेवा करार नविकरण गरिने छैन ।

२) सहजकर्ता/सह शिक्षकले सेवा करार भंग गर्न चाहेमा कम्तिमा ३५ दिन अगावै शिक्षा महाशाखामा निवेदन दर्ता गराउनु पर्नेछ ।

३) सहजकर्ता/सह शिक्षकको कार्य सम्पादन सन्तोषजनक नभएमा सम्बन्धित विद्यालयको प्र.अ. को सिफारिसमा महाशाखाले निजलाई १५ दिनको अग्रिम सूचना दिई सेवा करार भंग गर्न सक्नेछ ।

४) छनौट भईसकेपछि सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था : शिक्षा महाशाखाले छनौट भईसकेका व्यक्तिलाई सहशिक्षकमा नियुक्त गरी सम्बन्धित स्कुलमा सिफारिस गरी पठाउनेछ ।

माथि लेखिएको अतिरिक्त नेपाल भाषा स्थानीय विषय सहजकर्ता/सह शिक्षक छनौंट परीक्षा लागि प्रयोगात्मक परीक्षाको पाठ्क्रम तथा उम्मेदवारको योग्यता सम्बन्धी व्यवस्था अनुसूचि १ मा भए बमोजिम हुनेछ ।

**१२) सजाय** : १) सहजकर्ता/सह शिक्षकले तोकिए बमोजिमको काम सन्तोषजनक रुपमा सम्पादन नगरेमा वा प्रचलित कानुन विपरित हुने गरी काम गरेको उचित र पर्याप्त कारण भएमा निजलाई देहाय बमोजिमको सजाय गरिनेछ ।

क) सचेत गराउने,

ख) पारिश्रमिक रोक्का राख्ने,

ग) सेवा करार भंग गर्ने,

घ) क्षतिपूर्ति भराउने,

२) उपदफा (१) बमोजिम सजाय गर्नु अघि निजलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

**१३) आर्थिक दायित्व र निकासा सम्बन्धी व्यवस्था** : सहजकर्ता/सह शिक्षक लाई प्रदान गरिने पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी दायित्व र सोको निकासा प्रक्रिया देहाय बमोजिम हुनेछ :-

क) सहजकर्ता/सह शिक्षकलाई दिइने पारिश्रमिक तथा अन्य सुविधाको दायित्व महानगरपालिकाले (आन्तरिक श्रोतबाट) व्यहोर्ने छ ।

ख) सो दायित्व व्यहोर्नको लागि महानगरपालिकाले सालबसाली यस विषयको शिर्षकमा बजेट विनियोजन गर्नेछ ।

ग) महानगरपालिकाले सालबसाली यस शिर्षकमा विनियोजन गरेको रकम विभागको सिफारिसमा सहजकर्ता/सह शिक्षकको संख्या अनुसार विद्यालयको खातामा अनुदान निकासा दिईने छ ।

**१४) सामुदायिक विद्यालयको भूमिका सम्बन्धी व्यवस्था** : सहजकर्ता/सह शिक्षक व्यवस्थापन सम्बन्धमा सामुदायिक विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :-

क) महाशाखाले खटाएको सहजकर्ता/सह शिक्षकलाई हाजिर गराई काममा लगाउने,

ख) मासिक रुपमा सहजकर्ता/सह शिक्षक लाई दिइने पारिश्रमिक माग गर्ने,

ग) सेवा गरेको महिना भुक्तान भएपछि पारिश्रमिक दिने,

घ) निजले गरेको कामको नियमित अनुगमन गरी निजलाई पृष्ठपोषण दिने र शिक्षा महाशाखालाई चौमासिक रुपमा प्रतिवेदन उपलव्ध गराउने,

ङ) निजलाई आवश्यक पर्ने शैक्षिक सामग्री उपलव्ध गराउने,

च) चौमासिक हाजिरी विवरण विभागमा पठाउने,

छ) भाषा सहजकर्ता/सह शिक्षकको लागि महाशाखाबाट आयोजना गरिने तालिम कार्यक्रममा आफ्नो विद्यालयको सहजकर्ता/सह शिक्षक लाई सहभागी गराउने,

ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**१५) पारिश्रमिक र बैठक भत्ता सम्बन्धी व्यवस्था** : नेपाल सहजकर्ता/सह शिक्षक सहायक छनौटमा संलग्न विषय विशेषज्ञ, कर्मचारीहरुको पारिश्रमिक र समितिका पदाधिकारीहरुको बैठक भत्ता, प्रश्नपत्र निर्माण, परीक्षा संचालन र सूचना प्रकाशनमा लाग्ने खर्च महानगरपालिकाले व्यहोर्ने छ । परीक्षामा लाग्ने खर्च सम्बन्धी व्यवस्था महानगरपालिकाले तोके बमोजिम हुने छ ।

**१६) बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा अड्काउ आई परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

## अनुसूची १

नेपाल भाषा स्थानीय विषय सहजकर्ता/सह शिक्षक छनौंट परीक्षा लागि प्रयोगात्मक परीक्षाको पाठ्क्रम तथा उम्मेदवारको योग्यता सम्बन्धी व्यवस्था :

**पूर्णाङ्क** १००
**उर्त्तीणाङ्क** ४०
**विषय र क्षेत्र** अङ्क विभाजन

**खण्ड क** ६०

नेपाल भाषा सम्बन्धी विषय वस्तु

१ थाय् वाय्
२ पेशा व शीप प्रविधि
३ संस्कार
४ नखःचखः व जात्रा पर्व
५ बाजागाजा
६ सम्पदा
७ कासा
८ ब्यक्ति म्हसीका
९ नैतिक शिक्षा
१० सुचुकुचु लोक साहित्य
११ विद्यालय तह, वर्तमान पाठ्यक्रम, पाठ्क्रमको ढाँचा र यसको महत्व

१२ नेपाल भाषा प्रारम्भिक कक्षा देखि कक्षा ३ सम्मको पाठ्यक्रम

१३ विद्यालय तहगत सक्षमता, वर्तमान मुल्याङ्कन प्रणाली, र यसको महत्व

१४ विद्यालय योजना, शैक्षिक समय तालिका,

**खण्ड ख** २०

१ नेपाल भाषा शिक्षण

२ गणित शिक्षण

३ अग्रेजी शिक्षण

४ सामाजिक शिक्षण

५ विज्ञान शिक्षण

**खण्ड ग** २०

१ नेपालको संविधान- २०७२ - ४

२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ -४

३ शिक्षा सम्बन्धी ऐन, कानुन, नियमावली कार्यविधीहरू-४

४ नेपाल भाषाको ऐतिहासिक विकासक्रम -४

५ धार्मिक तथा अन्य दर्शनहरू, चाडपर्वहरू -४

**खण्ड घ**

**१ अन्तरवार्ता** २०

क) व्यक्तित्व ५

ख) प्रस्तुति ५

ग) विषयवस्तु १०

## २ शैक्षिक योग्यता ५

क) प्रथम श्रेणी वा स्तरीतकृत अङ्क ३.६ र सो भन्दा माथि ४.०
सम्म प्राप्त गरेको भए ५

ख) द्वितीय श्रेणी वा स्तरीतकृत अङ्क २.८ र सो भन्दा माथि ३.६ अङ्क सम्म प्राप्त गरेको भए ३

ग) तृतीय श्रेणी स्तरीतकृत अङ्क १.६ र सो भन्दा माथि २.८ अङ्क सम्म प्राप्त गरेको भए २

घ) (श्रेणी उल्लेख नभएमा द्वितीय श्रेणी सरह गणाना गरिने छ ।)

## ३. बान्छनिय योग्यता

क) उमेरः १८ वर्ष पूरा भई ३५ वर्ष ननागेको (उमेरको हदः दरखस्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पूराभई ३५ वर्ष ननाघेको । तर महिलाको हकमा ४० वर्ष ननागेको हुनु पर्नेछ । साथै ललितपुर महानगरपालिका भित्रका समुदायिक विद्यालयमा विगत एक वर्ष देखि स्थानीय विषय नेपाल भाषा शिक्षण निरन्तर गरिरहेका व्यक्तिको हकमा पहिलो पटकलाई उमेरको हद लाग्ने छैन)

ख) स्वस्थ रहेको

ग) नैतिक पतन तथा फौजदारि अभियोगमा अदालतबाट कसुर नठरिएको

घ) कम्तिमा कक्षा १२ उत्तीर्ण वा सो सरह उत्तीर्ण भएको

ङ) नेपाल भाषा शुद्धसग बुझ्न, बोल्न, पढ्न र लेख्न सक्ने

च) नेपाली नागरिक हुनु पर्ने

छ) तालिमः स्वीकृत शैक्षिक संस्थाबाट नेपाल भाषा सम्बन्धित विषयमा तालिमको अवधि र विषय खोलिएको तालिमलाई मात्र तालिम वापतको अङ्क प्रदान गरिनेछ

ज) सेवा सुविधा : करारका अन्य शिक्षक तथा कर्मचारीहरूले पाए सरहको सुविधा उपलब्ध गराईनेछ ।

झ) यसमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयको हकमा शिक्षा ऐन बमोजिम हुनेछ ।

प्रमाणिकरण मिति
२०८०/७/१५ गते

आज्ञाले
विरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत